# ग्रामथान गाउँपालिका
**Gramthan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०८०/०८१
**Ref.No :2080/081**
चलानी नं. : 3034

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**


मिति-२०८१/०३/२

## तह वृद्धिका लागि आवेदन दिने सम्बन्धी सूचना

यस ग्रामथान गाउँपालिका, गाउँ कार्यापालिकाको मिति २०८१/०३/२१ गतेको निर्णय तथा कोशी प्रदेशद्वारा जारी भएको स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० मा गरिएको कर्मचारीहरुको तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम न्युनतम योग्यता / अवधि पुगेका विद्यमान कानून बमोजिम स्तरवृद्धि नभएका ग्रामथान गाउँपालिकामा कार्यरत कर्मचारीहरुले स्तरवृद्धिको लागि तपशिल बमोजिमका कागजात संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस गाउँपालिकाको कार्यालयमा दरखस्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

क) निवेदन,
ख) शुरु नियुक्ति सम्बन्धी कागजात,
ग) सेवा अवधि प्रमाणित भएको कागजात,
घ) समायोजन भएको भए सो सम्बन्धी कागजात,
ङ) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,
च) सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति,
छ) गयलकट्टि नभएको, सेवा निरन्तर रहेको, विभागिय कार्वाहीमा नपरेको, अध्ययन/असाधारण विदामा नबसेको प्रमाण,
ज) पेशा सम्बन्धी व्यवसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले उपलब्ध गराउने प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति,
झ) समितिले तोके बमोजिमका अन्य कागजातहरु ।

हरि प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत